आज मिति २०८३ साल जेठ महिना १३ गते बुधवारको दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८२/०८३ को नगर कार्यपालिकाको तेह्रौं वैठकका नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री बोम बहादुर थापा | सदस्य | का. वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रुद बहादुर क्षेत्री | सदस्य | का.वडा अध्यक्ष ९ |
| | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री शोभाखर पोखरेल | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| | आमन्त्रित उपस्थिति | | |
| | श्री सन्दिप पौडेल | | उप-सचिव |
| | श्री टेकावती ढकाल | | शाखा अधिकृत |
| | श्री दिनेश कुमार तिम्मसिना | | लेखा अधिकृत |
| | श्री सुर्य प्रसाद पौडेल | | प्रशासकिय अधिकृत |

प्रमाणित

आर्थिक वर्ष २०८२/०८३ को तेह्रौं नगर कार्यपालिका बैठकमा प्रस्तुत प्रस्ताव र निर्णयहरुः

मितिः (२०८३/०२/१३)

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा,
२. नगर सभा सम्बन्धमा,
३. ५ नं. वडा कार्यालयको लागि जग्गा प्राप्ति सम्बन्धमा,
४. सामुदायिक विद्यालय समायोजन सम्बन्धमा,
५. मेरो भिमाद स्थानिय पठ्याक्रम (कक्षा ६ देखि ८ सम्म ) स्वीकृत सम्बन्धमा,
६. विविध

निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा मिति २०८३/०१/०७ गते बसेको नगर कार्यपालिकाको आ.व. २०८२।०८३ को बाह्रौं बैठकमा भएका निर्णयहरू समीक्षा गरिनुका साथै कार्यान्वयन हुन बाँकी निर्णयहरू यथाशीघ्र कार्यान्वयन गर्ने ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्नका लागि मिति २०८३/०२/२९ गते शुक्रवारकी दिन भिमाद नगरपालिकाको सभाहलमा विहान ११:०० वजे सुरु हुने गरी नगर सभाको बाइसौं अधिवेशन आव्हान गर्ने ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा साबिक माझकोट गा. वि. स. वडा नं. ९ हाल भिमाद नगरपालिका वडा नं ५ बस्ने शिवदत्त गैह्रेको नाति पुष्पराज गैह्रेको छोरा कृष्ण चन्द्र गैह्रेले वुडुवाटोलमा रहेको आफुले हक भोग गरेको एकलौटी हक भएको जग्गा दर्ता नं. भगवतीपुर १/ण कित्ता नं ८९७ क्षेत्रफल ९-५-०-० मध्येबाट उक्त किताको पूर्व तर्फको क्षेत्रफल ०-५-२-० र सोही वडामा बस्ने शिवदत्त गैह्रेको नाति पुष्पराज गैह्रेको छोरा राजेन्द्र गैह्रेले वुडुवाटोलमा रेहेको आफुले हक भोग गरेको एकलौटी हक भएको जग्गा दर्ता नं. भगवतीपुर १/ण कित्ता नं ८९५ क्षेत्रफल ९-१४-२-१ मध्येबाट उक्त किताको पूर्व तर्फको क्षेत्रफल ०-५-२-० भएको जग्गा ५ नं. वडा कार्यालयको भवन निर्माण गर्नको लागि निःशुल्क भिमाद नगरपालिकालाई जग्गा उपलब्ध गराउन इच्छुक भएको भनी नगरपालिकाले मिति २०८३।०१।१७ गते प्रकाशित गरेको सूचना बमोजिम मन्जुरी नाम सहित निवेदन पेश गर्नु भएको हुँदा उक्त जग्गा वडा कार्यालयको भवन निर्माणको लागि निःशुल्क रुपमा नगरपालिकाको नाममा ल्याउनको लागि जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्ने ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा स्वीकृत सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा ५ विद्यालय समायोजन एवम् एकीकरणका आधारहरूमध्ये विद्यालय आवतजावत गर्न लाग्ने समय, विद्यार्थी सङ्ख्या, जनसङ्ख्या, सम्बन्धी आधारहरूलाई मनन गरी यस नगरपालिका अन्तर्गतका तपसिलका विद्यालयमा निम्नानुसार विद्यार्थी सङ्ख्या कक्षा १ दखि ३ सम्म जम्मा १० जना तथा ४ देखि ५ सम्म ८ जना भन्दा कम भएका विद्यालय समायोजन गर्ने अर्को विद्यालयसँगको दुरी पैदल यात्रामा ३० मिनेटमा पुग्ने वा विद्यालय बस पहुँच भएका तपसिलका विद्यालयहरू समायोजन, एकीकरण तथा कक्षा घटुवा गर्ने भनी शिक्षा समितिबाट गरेको सिफारिसलाई स्वीकृत गर्ने ।

तपसिल

| क्र.सं. | समायोजन भई जाने विद्यालय | समायोजन गर्ने विद्यालय | दुरी | कैफियत |
|---|---|---|---|---|
| १ | सिद्ध आधारभूत विद्यालय भिमाद-२ | किहुँ आधारभूत विद्यालय, भिमाद- २ | करिब १.५ कि.मि. | |
| २ | ज्ञानज्योति सा.आ.वि. भिमाद-८ | मंगलोदय मा.वि., भिमाद - ८ | करिब १ कि.मि. | बालविकास केन्द्र मंगलोदय मा वि मातृ विद्यालय हुने गरी सोही स्थानमा निरन्तर हुने |
| ३ | सिद्धज्योति आ.वि. भिमाद-९ | बुचाखानी मा.वि. भिमाद -९ | करिब २ कि.मि. | बुचाखानी मा. वि. को स्कुल बस विद्यालयदेखि ५०० मिटरमा आउने |
| ४ | शिव आ. वि. भिमाद-४ | कक्षा घटुवा गरी कक्षा ३ सम्म सञ्चालन गर्ने | करिब ३ कि. मि. | |
| ५ | बुद्धज्योति आ.वि. भिमाद ८ को बालविकास केन्द्र | हिमालय मा.वि. भिमाद -८ | | हिमालय मा वि मातृ विद्यालय हुने गरी सोही स्थानमा निरन्तर हुने |

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल भिमाद नगर कार्यपालिकाको मिति २०८२।०७।१६ गतेको बैठकको निर्णयअनुसार मेरो भिमाद स्थानीय पाठ्यक्रम, २०८२ (कक्षा ६-८) मा आधारित पाठ्यपुस्तक लेखन कार्यदल गठन गरिएकोमा उक्त कार्यदलले मसौदा तयार गरी कार्यपालिका तथा सरोकारवालाहरु सँग विषयवस्तु निर्धारण गरी शिक्षक कार्यशाला बाट प्राप्त सुझावका आधारमा अन्तिम मसौदा तयार गरी पेश गरिएको मेरो भिमाद स्थानीय पाठ्यक्रम २०८२ (कक्षा ६-८) स्वीकृत गरी विद्यालयमा कार्यान्वयनका लागि छपाइ गरी वितरण गर्ने गरी स्वीकृत गर्ने ।

निर्णय नं. ६

प्रस्ताब नं. ६ माथि छलफल गर्दा भिमाद नगर कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत सहायक शिक्षा अधिकृत (छैठौ) श्री दीपा पोखेलले आफ्नो श्रीमान दिपकराज त्रिपाठी नेपाल सरकार परराष्ट्र मन्त्रालय अन्तर्गत नेपाल परराष्ट्र सेवा राजपत्र अंनङ्कित प्रथम श्रेणी सहचारी पदमा नेपाली राजदूतावास इस्लामावादमा परराष्ट्र मन्त्रालयको च.नं. १००२१ मिति २०८३।०१।३१ को पत्रानुसार खटाएको हुँदा श्रीमानसँग जानको लागि मिति २०८३।०३।०१ गते देखि मिति २०८५।११।३० गते (२ वर्ष ९ महिना) सम्मका लागि बेतलबी बिदा माग गर्नु भएको हुँदा गण्डकी प्रदेश स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ को दफा ११४ बमोजिम सेवा शर्तमा रहि साथै गण्डकी प्रदेश सरकार स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ११७ उप नियम (१) मा बेतलबी बिदा माग गर्ने कर्मचारीले आफ्नो पति वा पत्नी विदेशस्थित नेपाली राजदूतावास वा कुनै नियोगमा खटिई गएको प्रमाण सहित पेश गरेमा उप नियम (२) मा विदा एकै पटक वा पटक पटक गरी बढीमा पाँच वर्षसम्म पाउने व्यवस्था बमोजिम नियम १२० अनुसार मिति २०८३।०३।०१ गते देखि मिति २०८५।११।३० गते (२ वर्ष ९ महिना) सम्मको बेतलबी बिदा स्वीकृत गर्ने ।

निर्णय नं. ७

प्रस्ताव नं. ६ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ७ बस्ने सिर माया दमाई शाहीको शौचालय मिति २०८२/१२/१५ गतेको हावाहुरी तथा झरीका कारण क्षति भएको भनी मुचुल्का र आर्थिक अवस्था कमोजर रहेको भनि वडा कार्यालयको च.नं. ६०० मिति २०८२।१२।१६ गतेको पत्रानुसार सिफारिस गरेको हुदाँ निजको शौचालय निर्माण कार्यका लागि विपद व्यस्थापन समितिवाट अनुमोदन हुने गरी लागत अनुमान बमोजिमको जम्मा रकम रु. ३५,०००। (अक्षरेपी पैतिस हजार मात्र) वार्षिक नगर विकास योजना आर्थिक वर्ष २०८२/०८३ को सि. नं. ६२ शिर्षकवाट विनियोजन गरी भुक्तानी दिने ।

निर्णय नं. ८

प्रस्ताव नं. ६ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आ. व. २०८२/०८३ मा वार्षिक नगर विकास योजनामा स्वीकृत सि.नं.१०५ लागत सहभागितामा संचालन गरिने पूर्वाधार शिर्षकवाट नगर कार्यपालिकाको मिति २०८३/१/७ को निर्णय अनुसार शिव पञ्चायन मन्दिरमा हवन कुण्ड निर्माण कार्यका लागि जम्मा रकम रु. ६,००,०००/- विनियोजन भई निर्माण कार्य शुरु भएकोमा उक्त मन्दिरमा राधाकृष्ण मन्दिर निर्माण कार्यका लागि लागतसहभागिताको थप रकम विनियोजन गरिदिनुहुन भनी शिव पञ्चायन मन्दिर संरक्षण समिति मार्फत निवेदन पेश हुन आएकोले राधाकृष्ण मन्दिर निर्माण कार्य सम्पन्न गर्नको लागि लागत अनुमान बमोजिम जम्मा रकम रु. ३,५८,०१५.५३/- मात्र सोहि शिर्षकवाट विनियोजन गर्ने ।

निर्णय नं.९

प्रस्ताव नं ७ माथि छलफल गर्दा आ.ब. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत तपसिल अनुसारका क्रियाकलापमा कुनै शिर्षकमा रकम बचत हुने र कुनै शिर्षकमा रकम अपुग हुने देखिएकाले भिमाद नगरपालिका विनियोजन ऐन, २०८२ को दफा ३ बमोजिम देहायअनुसार रकमान्तर गर्ने निर्णय गरियो । साथै यसरी रकमान्तर गर्नका लागि आर्थिक प्रशासन शाखाबाट पेश भएबमोजिम नगरपालिकाको संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा बचत हुने शिर्षकबाट अपुग हुने शिर्षकमा खर्च समायोजन गर्ने अखितयारी प्रमुख प्रशासकीय अधिकृतलाई उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि नं | साविकको शिर्षकमा | बजेट थप हुने शिर्षक | रकमान्तर हुने रकम |
|---|---|---|---|
| १ | विपद व्यवस्थापन कोष (सि.नं ६२) | पारिश्रमिक कर्मचारी (सि नं १) | २१,५०,०००।- |
| | | पानी तथा बिजुली सडक वत्ति विद्युत खर्च समेत (सि नं ११) | १,००,०००।- |
| | | नगर प्रमुखको तोकादेश बमोजिम विपकालिन अवस्थाका लागि आर्थिक सहायता कार्यक्रम (सि. नं ३४) | १,००,०००।- |
| | | संचार महसूल (सि. नं १२) | १,५०,०००।- |
| २ | घरभाडा (सि.नं ७०) | पत्र पत्रिका छपाई तथा सूचना प्रकाशन खर्च (सि नं २१) | १,५०,०००।- |
| ३ | सामुदायिक विद्यालयहरमा रहेका कम्प्यूटर मर्मत तथा व्यवस्थापन | रुम टु रीड सुर्योदय कल्व र भिमाद नगरपालिकाको सयुक्त कार्यक्रम वालिका शिक्षा तथा लैगिंक समानता कार्यक्रम फोकल शिक्षक तालिम | १,००,०००।- |

निर्णय नं. १०

प्रस्ताव नं. ७ माथि छलफल गर्दा भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को लागि राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रम अन्तर्गत स्वीकृत कार्यक्रमहरु सञ्चालन गर्न नगरपालिकामा रोजगार संयोजकको पद रिक्त रहेकोले तत्काल कर्मचारी नियुक्ति गरी कार्यक्रम सञ्चालन गर्न समय लाग्ने भएकोले राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रम अन्तर्गत स्वीकृत कार्यक्रम सञ्चालन गर्न अर्को व्यवस्था नभएसम्मका लागि पूर्वाधार विकास शाखामा कार्यरत सव-इन्जिनियर विमलराज सेन ठकुरीलाई राष्ट्रिय रोजगार प्रर्वद्धन कार्यक्रम अन्तर्गतका स्वीकृत कार्यक्रम सञ्चालन गर्नका लागि थप जिम्मेवारी दिने ।